# त्रिभुवन विश्वविद्यालय

# विद्युतीय माध्यम (Online) बाट गरिने कक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०७७

## १ कक्षा सञ्चालनको पूर्व तयारी :

(१) कक्षा सञ्चालन गर्ने हरेक विभाग, स्कुल, क्याम्पसले गुणस्तरीय इन्टरनेट, द्रूतगतिमा चल्ने ल्यापटप तथा कम्प्युटर/फोन, बिजुली समेतको व्यवस्था गर्ने गराउने ।

(२) अनलाइन कक्षालाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायहरुमा आवश्यकता अनुसार (एक/दुई जना) विज्ञहरुको समुह (Support pool of experts) बनाउने व्यवस्था गर्ने गराउने ।

(३) एक हप्ता भित्रमा नै विद्यार्थी र शिक्षकहरुको आधारभुत वस्तुपरक अवस्थाको तथ्यांक सम्बन्धित निकायहरुले लिने । आफ्ना निकायका विद्यार्थीहरुको अवस्था अध्ययन (सर्भे) गरेर कति प्रतिशत सँग इन्टरनेट सेवाको पहुँच छ आदि बारे तथ्यांक तयार गर्ने ।

(४) विभाग, क्याम्पस र स्कुलहरुमा आवश्यक प्राविधिक सहयोग र प्राविधिक र शैक्षिक जनशक्तिलाई तालिमको व्यवस्था गर्ने ।

(५) सम्बन्धित अध्ययन संस्थान/संकाय/विभाग/क्याम्पस/स्कुलहरु मार्फत आफ्ना विद्यार्थीहरुको लागि आवश्यक तालिमको व्यवस्था मिलाउने ।

(६) सम्बन्धित निकायहरुमा निकाय प्रमुखको निर्देशन र नियन्त्रणमा रहने गरी अनलाइन कक्षा केन्द्र (Online class cell) (भौतिक वा विद्युतिय ( Physical /Virtual cell) रुपमा ) स्थापना गर्ने गराउने ।

## २ कक्षा सञ्चालनको चरण :

(१) विभाग/क्याम्पस/स्कुलहरुले मिति २०७६ चैत्र १० गतेदेखि नै लिएका अनलाइन कक्षाहरु समेतलाई नियमित कक्षा सरह पाठ्यभारमा गणना गर्ने व्यवस्था गर्ने ।

(२) अनलाइन कक्षाको वातावरणलाई प्रभावकारी बनाउन एवं सम्बन्धित शिक्षकहरुलाई सहयोग गर्न आवश्यकताको आधारमा प्रत्येक कक्षामा विद्यार्थीको प्रतिनिधि (Class Representative (CR) रहने व्यवस्था गर्ने ।

(३) अध्ययनरत विद्यार्थीहरुको लागि अनलाइन कक्षा तालिका (class schedule) तथा विद्यार्थी जानकारी सिट (Student Information Sheet) अग्रिम रुपमा तयार गर्ने ।

(४) सम्बन्धित शिक्षकले अनलाइन कक्षा /सेसनको संचालन (Host) गर्ने ।

(५) शिक्षकहरुले आफूलाई सहज हुने अनलाइन प्लेटफर्म जस्तै ZOOM, Google Class, MS Team इत्यादि प्रयोग गर्न /गराउन सक्नेछन् ।

(६) सम्पूर्ण विद्यार्थी र शिक्षकहरुको हाजिरी रेकर्ड सम्बन्धित निकायको अनलाइन कक्षा केन्द्रले राख्नु पर्नेछ ।

(७) शिक्षकले उपलब्ध गराएको विवरणको आधारमा विद्यार्थीहरुको हाजिरी राख्न लगाउने र हाजिरी गणना गर्दा शिक्षकले कक्षा लिएको रेकर्डलाई आधार बनाउनु पर्नेछ । कुनै शिक्षकले लिएको कक्षा प्रविधिका कारणले रेकर्ड गर्न नसकिएको रहेछ भने त्यस्तो कक्षालाई जाँची हेरी प्रमाणित गर्ने जिम्मा सम्वन्धित केन्द्रका प्रमुखको हुनेछ ।

(८) सञ्चालित कक्षाहरुको हाजिरी तोकिएका कर्मचारीले र निकाय प्रमुखले प्रमाणित गरी राख्नु पर्ने छ । यसरी राखिएको हाजिरीका आधारमा पारिश्रमिक उपल्वध गराईने छ ।

(९) अनलाइनमा काम गर्ने कर्मचारीलाई कार्यालय समयभन्दा बढी काम गराउनु परेमा सो अवधिको अतिरिक्त पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

(१०) प्रत्येक अनलाइन कक्षाहरुको रेकर्ड गर्नुपर्नेछ र सम्बन्धित प्राध्यापकले आफ्नो निकायमा इमेल मार्फत पठाउनु पर्नेछ ।

(११) शिक्षकहरुले विद्यार्थीहरुलाई गृहकार्य (Home Assignment) प्रदान गर्नको लागि विभिन्न विद्युतीय माध्यम जस्तै (Word, Excel Sheet, Google Drive) आदिको प्रयोग गर्न सक्नेछन् ।

(१२) कुनै जायज कारणले नियमित कक्षामा उपस्थित हुन नसकेका विद्यार्थीहरुलाई कक्षाको रेकर्ड लगायतका अन्य शैक्षिक सामग्री पछि उपलब्ध गराउन सकिनेछ ।

(१३) कतिपय विद्यार्थी भर्ना भएका तर कक्षा संचालन हुन नसकेका कार्यक्रमहरुको अनलाइनबाट अभिमुखिकरण (Orientation) गरि कक्षा संचालन गर्न सकिनेछ ।

## ३. आचारसंहिता र कारबाही

### (१) आचारसंहिता

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० र त्रि.वि. शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, २०५० मा तोकिएको आचार संहिताको अतिरिक्त देहायको आचारसंहिता सबै शिक्षक, कर्मचारी र विद्यार्थीले पालना गर्नुपर्नेछ ।

(क) सबै शिक्षक, विद्यार्थीहरुले नियमित रुपमा तोकिएको कक्षामा सहभागी भई अध्ययन अध्यापन कार्यमा सहभागी हुनुपर्नेछ । शिक्षकहरुले सुमधुर प्राज्ञिक वातावरणमा अनलाइन कक्षा संचालन गर्नुपर्नेछ ।

(ख) विद्यार्थीहरुले शिक्षकहरुसंग सम्बाद गर्दा आदरार्थी शब्दको प्रयोग गर्नुपर्नेछ । कसैलाई पनि अनादर गर्नु हुदैन ।

(ग) शिक्षकहरुले कक्षा सञ्चालन गर्दा अन्तर्क्रियालाई प्रोत्साहन गर्नुपर्नेछ ।

(घ) अनलाइन कक्षा सम्बन्धित शैक्षिक सामाग्री, भिडियो इत्यादिहरुको प्रतिलिपी (Copy right) अधिकार सम्बन्धित शिक्षक र निकायमा निहित हुनेछ । सबै शिक्षक, कर्मचारी, विद्यार्थीहरुले प्रतिलिपी अधिकारको रक्षा गर्नुपर्नेछ । बौद्धिक चोरी गर्ने कार्य गर्नु हुदैन ।

(ङ) सबै शिक्षक, कर्मचारी, विद्यार्थीहरुले व्यक्तिको गोपिनियताको हकको पालना गर्नुपर्नेछ । कुनैपनि शिक्षण तथा शैक्षिक सामाग्री आदि शिक्षक र विद्यार्थीहरुले फेसबुक लगायत अरु सामाजिक सूचना माध्यममा स्वीकृती विना राख्नु हुदैन ।

(च) कुनै शिक्षक, कर्मचारी, विद्यार्थीहरुले विद्युतीय कानुन उल्लंघन हुने कुनै कार्य गर्नु हुदैन ।

(छ) शिक्षक विद्यार्थीहरुले अनलाइन कक्षाहरु भएको बेला औपचारिक पोशाकको प्रयोग गर्नुपर्नेछ।

(च) कुनै पनि पूर्णकालीन शिक्षकले विश्वविद्यालयको विभाग, स्कुल वा आंगिक क्याम्पस बाहेक अन्य शैक्षिक संस्थाको अनलाइन कक्षामा सहभागी हुनुहुदैन । अनुगमन समितिले नियमित रुपमा अनलाइन कक्षामा सहभागी हुनेगरी कसैलाई पनि स्वीकृति दिने छैन । यस व्यवस्थाले आमन्त्रित विशेषज्ञको हैसियतमा कक्षा (Guest Lecture) लिन पाइने व्यवस्थामा भने रोक लाग्ने छैन ।

**(२) कारवाही सम्बन्धी व्यवस्था :**

कुनै विद्यार्थी, शिक्षक र कर्मचारीले आचार संहिता उल्लंघनको गरेमा आचार संहिताको प्रकृति, किसिम र मात्रा हेरी विश्वविद्यालयको नियमानुसार कारवाही गरिनेछ ।